# दार्मा गाउँपालिका कक्षा १-९ मा विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८

**दार्मा गाउँपालिका, सल्यान**
**कर्णाली प्रदेश**
**नेपाल**

# दार्मा गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड -४, सङ्ख्या : १ मिति : २०७८/०२/ १९**

## भाग -२

## दार्मा गाउँपालिका

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०२/१८**

**प्रमाणीकरण मिति : २०७८/०२/१९**

# दार्मा गाउँपालिका कक्षा १-९ मा विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८

**प्रस्तावना**

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19)को महामारीका कारण यस दार्मा गाउँपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयहरूको कक्षा १ -७ र ९ को वार्षिक परीक्षा तथा कक्षा ८ को आधारभूत तह उत्तीर्ण परीक्षा तोकिएको मितिमा सञ्चालन हुन नसकेको र महामारी कायम हुने अवधि समेत अनिश्चित रहेको हुँदा नयाँ शैक्षिक सत्र समेतलाई मध्यनजर गरी

विद्यार्थीहरूको मूल्याङ्कन प्रक्रिया हाल कायम रहेभन्दा फरक ढङ्गले गर्नुपर्ने भएकोले मूल्याङ्कनलाई वैध र विश्वसनीय बनाउन सम्बन्धित विषय पठनपाठन गर्ने शिक्षक , प्रधानाध्यापक र विद्यालयलाई थप उत्तरदायी बनाई विद्यार्थीको मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणीकरण गर्नका लागि दार्मा गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७७ को दफा ६३ बमोजिम दार्मा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **' दार्मा गाउँपालिकामा कक्षा १ -९ मा विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८**' रहेको छ।

(२) यो कार्यविधि दार्मा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'गाउँपालिका' भन्नाले दार्मा गाउँपालिकालाई सम्झनुपर्छ।

(ख) 'शिक्षा, युवा तथा खेलकुद शाखा' भन्नाले दार्मा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(ग) 'विद्यालय' भन्नाले दार्मा गाउँपालिकाभित्र अनुमति वा स्वीकृत प्राप्त गरी सञ्चालित विद्यालय सम्झनुपर्छ।

(घ) 'प्रधानाध्यापक' भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ।

(ङ) 'समिति' भन्नाले यस कार्यविधि बमोजिम गठित विद्यार्थी मूल्याङ्कन, प्रमाणीकरण तथा नतिजा प्रकाशन समिति सम्झनुपर्छ।

(च) 'विषय शिक्षक' भन्नाले सम्बन्धित कक्षामा तोकिएको विषय अध्यापन गराउने शिक्षक सम्झनुपर्छ।

(छ) 'कक्षा शिक्षक' भन्नाले कुनै कक्षाको सबै विषय अध्यापन गर्ने गरी जिम्मेवारी तोकीएको तथा विद्यार्थीको अभिलेख व्यवस्थापन गर्ने, हाजिर गराउने तथा कक्षाको शैक्षिक प्रशासनिक कार्य गर्न तोकिएको शिक्षकलाई सम्झनुपर्छ।

(ज) 'विद्यार्थी' भन्नाले विद्यालयमा भर्ना भई तोकिएको कक्षामा अध्ययन गर्ने विद्यार्थीहरू सम्झनुपर्छ ।

## परिच्छेद - दुई

## विद्यार्थीको मूल्याङ्कन पद्धतिसम्बन्धी व्यवस्था

**३. विद्यार्थी मूल्याङ्कन पद्धतिसम्बन्धी व्यवस्था :** (१) विद्यार्थी मूल्याङ्कन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

**(क) निर्माणात्मक मूल्याङकन** : विद्यार्थीहरूको मूल्याङ्कनका लागि निर्माणात्मक मूल्याङ्कन पद्धितिको अवलम्बन गरिनेछ। पाठ्यक्रमले कक्षा १-५, कक्षा ६-७ ले तोके बमोजिमको मापदण्डका अतिरिक्त देहाय बमोजिम निरन्तर विद्यार्थी मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मूल्याङ्कन गरिनेछ ।

(अ) हाजिरी

(आ) कक्षाकार्य / गृहकार्य

(इ) सिर्जनात्मक कार्य

(ई) व्यवहार परिवर्तन

(उ) अतिरिक्त क्रियाकलाप

(ऊ) अनुशासन

(ऋ) अभिभावक सक्रियता

(ए) सामाजिक सक्रियता

**(ख) निर्णयात्मक मूल्याङ्कन :** निर्णयात्मक मूल्याङ्कनअन्तर्गत देहायबमोजिम विद्यार्थीको मूल्याङ्कन गर्नुपर्नेछ ।

**(अ) सैद्धान्तिक मूल्याङ्कन** : प्रत्येक विषयका लागि तोकिएको पाठ्यक्रमको विषय क्षेत्रसँग सम्बन्धित हुने गरी सञ्चालित परियोजना कार्यमूलक प्रश्न सेट र अर्धवार्षिक परीक्षाको प्राप्ताङ्कलाई सैद्धान्तिक मूल्याङ्कनका रूपमा लिनुपर्नेछ ।

**(आ) प्रयोगात्मक मूल्याङ्कन :** पाठ्यक्रममा प्रयोगात्मक परीक्षाका लागि छुट्याइएको पूर्णाङ्कका आधारमा प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यार्थीले प्राप्त गरेको नतिजालाई गणना गरी विद्यार्थीको समग्र मूल्याङ्कन गर्नुपर्नेछ । त्यसरी मूल्याङ्कन गर्दा तोकिएबमोजिमको पूर्णाङ्कको आधारमा छुट्टाछुट्टै प्राप्ताङ्क गणना गर्नुपर्नेछ । विद्यार्थी मूल्याङ्कन सम्बन्धी प्रक्रिया अनुसूचीमा दिइएको छ ।

## परिच्छेद - ३

## विद्यालयमा विद्यार्थीको मूल्याङ्कनसम्बन्धी व्यवस्था

**४. विद्यालयको काम, कर्तव्य र अधिकार :** (१) आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ का साथै अन्य कक्षाका विद्यार्थीको मूल्याङ्कन सम्बन्धमा सम्बन्धित विद्यालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विद्यार्थीहरूको दैनिक हाजिरी अभिलेखबाट जम्मा उपस्थिति दिनको एकिन गर्नुपर्नेछ ।

(ख) अनुसूची १-९ बमोजिमको ढाँचामा कक्षागत रूपमा विद्यार्थीको निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गर्नुपर्नेछ । हाजिरी, कक्षाकार्य / गृहकार्य, सिर्जनात्मक कार्य, व्यवहार परिवर्तन, अतिरिक्त क्रियाकलाप, अनुशासन, अभिभावक सक्रियता, सामाजिक सक्रियता, अर्धवार्षिक परीक्षा र परियोजना कार्यमूलक प्रश्न सेटको मूल्याङ्कनका आधारमा निर्माणात्मक मूल्याङ्कन गर्नुपर्नेछ ।

(ग) कक्षा ८ र ५ प्राप्ताङ्क समितिले प्रमाणिकरणका लागि शिक्षा युवा तथा खेलकुद शाखामा पठाउने छ र बाँकी सबै कक्षाको सम्बन्धित विद्यालयको परीक्षा समितिले प्रमाणित गरी ग्रेडसिट उपलब्ध गराउनु पर्नेछ ।

(घ) विद्यार्थीहरू मूल्याङ्कनको समष्टिगत फाराम दुई प्रति तयार गरी कक्षा ८ र ५ को प्रमाणित गर्न शिक्षा , युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने र बाँकी कक्षाको हकमा विद्यालयको परीक्षा समितिले नै प्रमाणित गर्नुपर्नेछ ।

(ङ) विद्यालयले पठाएको विवरण झुठा ठहरेमा कानुन बमोजिम विद्यालय स्वयम् जवाफदेही हुनेछ ।

# परिच्छेद - ४

## नतिजा प्रकाशन तथा प्रमाणीकरण सम्बन्धी व्यवस्था

**५. नतिजा प्रकाशन तथा प्रमाणीकरण समितिको गठन :** आधारभूत तह उत्तीर्ण परीक्षाको सिफारिस गर्न र वार्षिक परीक्षाको मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण गर्न देहायबमोजिमको समिति रहनेछ :

(क) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - संयोजक

(ख) प्रधानाध्यापकले तोकेको एक जना शिक्षक - सदस्य

(ग) तहगत इन्चार्ज (माध्यमिक विद्यालयको हकमा) - सदस्य

(घ) कम्तिमा एक जना महिला शिक्षक सहित दुई जना - सदस्य

**६. समितिको काम, कर्तव्य र अधिकार** : (१) नतिजा प्रकाशन तथा प्रमाणिकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) विषयगत शिक्षक र विद्यालयको परीक्षा अभिलेखबाट टोल पढाइ कार्यक्रमको परियोजना कार्य र अर्धवार्षिक परीक्षाबाट प्राप्त सैद्धान्तिक परीक्षाको अङ्क सङ्कलन गर्ने।

(ख) प्रयोगात्मक परीक्षा लिनुपर्ने विषयको हकमा सम्बन्धित विषय शिक्षकलाई अङ्क प्रदान गर्न लगाई अभिलेखीकरण गर्ने।

(ग) सङ्कलन गरिएको अङ्कलाई तोकिएको समष्टिगत फाराममा चढाउने।

(घ) कक्षा ८ को EMIS मा र कक्षा ५ का विद्यार्थीहरूको मूल्याङ्कन शिक्षा , युवा तथा खेलकुद शाखाले उपलब्ध गराएको Excel Sheet मा भरी Soft Copy र Hard Copy शाखामा उपलब्ध गराउने।

(ङ) विषय शिक्षक र कक्षा शिक्षकले उपलब्ध गराएको अङ्कभार उल्लेख भए / नभएको रूजु गर्ने।

(च) तयार भएको अभिलेखलाई शिक्षक कर्मचारीबीच कोभिड -१९ को जोखिमलाई ख्याल गरी न्यूनतम स्वास्थ्य मापदण्ड अनिवार्य रूपमा पालना गरी छलफलबाट आएको सुझाव अन्तिम रूप दिइ उचित लागेमा समेटी समष्टिगत फाराम संसोधन गरि अन्तिम रूप दिने ।

(छ) विषयगत रूपमा विद्यार्थीले कुन - कुन ग्रेड प्राप्त गरे, हरेक ग्रेड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या कति छ , स्पष्ट हुने गरी तेरिज बनाउने ।

**७. नतिजा प्रमाणिकरण तथा प्रकाशन :** (१) कक्षा १ -४,६-७ र ९ को सम्बन्धित विद्यालयको परीक्षा समितिले प्रमाणिकरण गरी नतिजा प्रकाशन गर्नेछ ।

(२) आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ र ५ को लागि सम्बन्धित विद्यालयको परीक्षा समितिको सिफारिसमा दार्मा गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समितिले प्रमाणिकरण गरी शिक्षा, युवा तथा खेलकुद शाखाले नतिजा प्रकाशन गर्नेछ ।

(३) सम्बन्धित विद्यालयको परीक्षा समितिले सिफारिस तथा प्रमाणित गरेको विवरण झुठा ठहरे कानुनबमोजिम सोही समिति जवाफदेही हुनेछ ।

## परिच्छेद - ५

## शिक्षा, युवा तथा खेलकुद शाखाको काम, कर्तव्य र अधिकार

**८. शिक्षा, युवा तथा खेलकुद शाखाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :**

(क) आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ का विद्यार्थीहरूको सिम्बोल नम्बर कायम गर्ने ।

(ख) सम्बन्धित विद्यालयको परीक्षा समितिले सिफारिस गरे बमोजिम प्रयोगात्मक र सैद्धान्तिक परीक्षाको अङ्क EMIS मा प्रविष्ट गर्ने ।

(ग) आधारभूत तह उत्तीर्ण मूल्याङ्कनका लागि निर्धारित परीक्षाबाट प्राप्त विद्यार्थीहरूको सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कनको विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ (संसोधनसहित) बमोजिम रूपान्तरण गर्ने ।

(घ) विद्यालय स्तरीय परीक्षा समितिले गरेको कामको अनुमगन / सुपरीवेक्षण गर्ने / गराउने ।

(ङ) विद्यालयलाई नतिजा तयारी तथा प्रमाणपत्र वितरण गर्ने कार्यमा एकरूपता कायम गर्न विद्यालयहरूलाई सहजीकरण गर्ने ।

(च) विद्यालयको प्राप्ताङ्क सिफारिस अभिलेख एक वर्षसम्म सुरक्षित राख्ने ।

(छ) विद्यालयगत परीक्षा समितको सिफारिस बमोजिम सम्पूर्ण विवरण रूजु तथा प्रविष्ट गरी नतिजा प्रकाशनका लागि आधारभूत तह उत्तीर्ण परीक्षा समिति समक्ष सिफारिस गर्ने ।

(ज) आधारभूत तह उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन भएपश्चतात् ग्रेडसिट शिक्षा अधिकृत / शाखा प्रमुखले प्रमाणित गरी उपलब्ध गराउने ।

## परिच्छेद - ८

## विविध

९. शिक्षा, युवा तथा खेलकुद शाखाले गरेको सूचना बमोजिमको समयावधिभित्र विद्यालयहरूले प्राप्ताङ्क सङ्कलन, प्रविष्ट, रुजु, सिफारिस र प्रमाणिकरण जस्ता कार्यहरू सम्पन्न गर्नुपर्नेछ ।

१०. कक्षा ९ मा भर्ना हुनका लागि पाठ्यक्रम विकास केन्द्रले तोकेबमोजिम कक्षा ८ का हरेक विषयमा D+ ग्रेड प्राप्त गर्नुपर्नेछ ।

११. मूल्याङ्कनमा तोकिएको ग्रेड प्राप्त गर्न असमर्थ विद्यार्थीहरूका लागि शिक्षा , युवा तथा खेलकुद शाखाको निर्देशनमा विद्यालयले ग्रेडवृद्धि परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

१२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची - १

## विषयगत प्राप्ताङ्क

## कक्षा १- ३

**विद्यालयको नाम : श्री ...............**

**कक्षा : ................** **विषय : ..............**

| रोल नं. | विद्यार्थीको नाम | मूल्याङ्कनका पक्षहरू | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अर्धवार्षिक परीक्षा ३०% | कक्षा कार्य / गृहकार्य १५% | हाजिरी २०% | टोल पढाइ परियोजना कार्य १०% | अभिभावक सक्रियता १०% | व्यवहार परिवर्तन १०% | सिर्जनात्मक कार्य ५% | १०० |
| | | | | | | | | | |
| | | | | | | | | | |

**विषय शिक्षक**
नाम :
दस्तखत :
मिति :

**कक्षा शिक्षक**
नाम :
दस्तखत :
मिति :

विद्यालयको छाप

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

# अनुसूची - २

## कक्षा : १ - ३

## समष्टिगत प्राप्ताङ्क फाराम

**विद्यालयको नाम : श्री ...............**

**कक्षा : .........**

| रोल नं. | विद्यार्थीको नाम | बाबु / आमाको नाम | जन्ममिति | छात्र / छात्रा | नेपाली | अङ्ग्रेजी | गणित | विज्ञान | सामाजिक | हाम्रो दार्मा | जम्मा प्राप्ताङ्क | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**विद्यालय स्तरीय परीक्षा समितिको नाम र दस्तखत**

१.
२.
३.

विद्यालयको छाप

## अनुसूची - ३

## विषयगत प्राप्ताङ्क

## कक्षा : ४ - ५

**विद्यालयको नाम : श्री ...............**

**कक्षा : ................**

| रोल नं. | विद्यार्थीको नाम | मूल्याङ्कनका पक्षहरू | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आवधिक परीक्षा | | निरन्तर मूल्याङ्कन | | | | | | |
| | | अर्धवार्षिक परीक्षा ४०% | टोल पढाइ परियोजना १० % | हाजिरी १५ % | कक्षा कार्य / गृहकार्य १०% | अभिभावक सक्रियता ५ % | अतिरिक्त क्रियाकलाप ५% | सिर्जनात्मक कार्य ५% | व्यवहार परिवर्तन १०% | १०० |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**विषय शिक्षक**
नाम :
दस्तखत :
मिति :

**कक्षा शिक्षक**
नाम :
दस्तखत :
मिति :

विद्यालयको छाप

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

# अनुसूची - ४

## समष्टिगत प्राप्ताङ्क फाराम

## कक्षा : ४ - ५

**विद्यालयको नाम : श्री .............**

**कक्षा : ..........**

| रोल नं. | विद्यार्थीको नाम | बाबु / आमाको नाम | जन्ममिति | छात्र / छात्रा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान | | | हाम्रो दार्मा | | | जम्मा प्राप्ताङ्क | | कुल जम्मा | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवधिक | निरन्तर | जम्मा | आवधिक | निरन्तर | जम्मा | आवधिक | निरन्तर | जम्मा | आवधिक | निरन्तर | जम्मा | आवधिक | निरन्तर | जम्मा | आवधिक | निरन्तर | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

<u>विद्यालय स्तरीय परीक्षा समितिको नाम र दस्तखत</u>

१.
२.
३.
४.

विद्यालयको छाप

## अनुसूची - ५
## विषयगत प्राप्ताङ्क
## कक्षा : ६ - ७

**विद्यालयको नाम : श्री ...............**

**कक्षा : ................** **विषय : ................**

| रोल नं. | विद्यार्थीको नाम | मूल्याङ्कनका पक्षहरू | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आवधिक परीक्षा ६०% | | | | निरन्तर मूल्याङ्कन ४०% | | | | | | |
| | | सैद्धान्तिक | | प्रयोगात्मक | जम्मा | | | | | | | |
| | | अर्धवार्षिक परीक्षा ४०% | टोल पढाइ परियोजना २०% | | | हाजिरी १५% | कक्षा कार्य / गृहकार्य ५ % | अभिभावक सक्रियता ५ % | अतिरिक्त क्रियाकलाप ५% | सिर्जनात्मक कार्य ५% | व्यवहार परिवर्तन ५% | १०० |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**विषय शिक्षक**
नाम :
दस्तखत :
मिति :

**कक्षा शिक्षक**
नाम :
दस्तखत :
मिति :

विद्यालयको छाप

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

# अनुसूची - ६
# समष्टिगत प्राप्ताङ्क फाराम

## कक्षा ६ - ७

**विद्यालयको नाम : श्री .............**

**कक्षा : ................**

| रोल नं. | विद्यार्थीको नाम | बाबु / आमाको नाम | जन्ममिति | छात्र / छात्रा | नेपाली | | | | | अङ्ग्रेजी | | | | | गणित | | | | | विज्ञान | | | | | सामाजिक | | | | | पेसा व्यवसाय प्रविधि | | | | | नैतिक | | | | | स्वास्थ्य शारीरिक | | | | | कम्प्युटर | | | | कुल जम्मा | ग्रेड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवकिधक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | जम्मा | आवधिक | | | निरन्तर | | |
| | | | | | सै | प्र | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगतामक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | सैद्धान्तिक | प्रयोगात्मक | जम्मा | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**विद्यालय स्तरीय परीक्षा समितिको नाम र दस्तखत**

१.

२.

३.

४.

५.

विद्यालयको छाप

**अनुसूची - ७**

**विषयगत प्राप्ताङ्क**

**कक्षा : ८**

**विद्यालयको नाम : श्री ..............**

**विषय : ................ सैद्धान्तिक पूर्णाङ्क : ........... प्रयोगात्मक पूर्णाङ्क : ..........**

| रोल नं. | | मूल्याङ्कन | | | | | | | | | | जम्मा | विषयगत सैद्धान्तिक प्राप्ताङ्क | विषयगत प्रयोगात्मक प्राप्ताङ्क | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थीको नाम | अर्धवार्षिक परीक्षा ४०% | टोल पढाइ परियोजना २० % | अनुशासन ५ % | सामाजिक कार्य ५ % | हाजिरी ५ % | कक्षा कार्य / गृहकार्य ५ % | अभिभावक सक्रियता ५ % | अतिरिक्त क्रियाकलाप ५% | सिर्जनात्मक कार्य ५% | व्यवहार परिवर्तन ५% | १०० | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

विषयगत सैद्धान्ति प्राप्ताङ्क निकाल्दा मूल्याङ्कन खण्डको जम्मा प्राप्ताङ्कलाई उक्त विषयको पूर्णाङ्कले भाग गरी १०० ले गुणन गर्दा आउने अङ्क नै सैद्धान्तिक प्राप्ताङ्क हुनेछ । यसका लागि निम्न सुत्रको प्रयोग गर्न सकिनेछ :

विषयगत सैद्धान्तिक प्राप्ताङ्क = <u>मूल्याङ्कन खण्डको जम्मा प्राप्ताङ्क × सैद्धान्तिकतर्फको पूर्णाङ्क</u>
१००

जस्तै कुनै विद्यार्थीले मूल्याङ्क खण्डको सबै पक्षहरूको जोड जम्मा ८० भयो उक्त विषयको सैद्धान्तिक पूर्णाङ्क ७५ छ भने उसको सैद्धान्तिक प्राप्ताङ्क ६० हुने भयो ।

| **विषय शिक्षक** | **कक्षा शिक्षक** | | **प्रधानाध्यापक** |
|---|---|---|---|
| नाम : | नाम : | | नाम : |
| दस्तखत : | दस्तखत : | | दस्तखत : |
| मिति : | मिति : | विद्यालयको छाप | मिति : |

अनुसूची - ८

समष्टिगत फाराम

कक्षा : ८

**School's Nam :**

**EMIS Code :**

**Prepared By** **Checked By** **Officer (Education)**

| SN | Symbol no | Student's Name | Parents' Name | Date of Birth | Gender | English | | | Nepali | | | Math | Science | | | Social | | | Occupation | | | Moral | | | Helath | | | Compt | | | Total | GPA | Grade |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | Th | PR | Total | TH | PR | Total | | TH | PR | Total | TH | PR | Total | TH | PR | Toal | TH | PR | Total | TH | PR | Total | TH | PR | Total | | | |
| | | | | | | 75 | 25 | 100 | 75 | 25 | 100 | 100 | 75 | 25 | 100 | 75 | 25 | 100 | 50 | 50 | 100 | 25 | 25 | 50 | 30 | 20 | 50 | 50 | 50 | 100 | 800 | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**अनुसूची - ९**

**विषयगत प्राप्ताङ्क**

**कक्षा : ९**

**विद्यालयको नाम : श्री ..............**

**विषय : ................ सैद्धान्तिक पूर्णाङ्क : ........... प्रयोगात्मक पूर्णाङ्क : ..........**

| **रोल नं.** | **विद्यार्थीको नाम** | **मूल्याङ्कन** | | | | | | | | | | **जम्मा** | **विषयगत सैद्धान्तिक प्राप्ताङ्क** | **विषयगत प्रयोगात्मक प्राप्ताङ्क** | **जम्मा प्राप्ताङ्क** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अर्धवार्षिक परीक्षा ४०% | टोल पढाइ परियोजना २० % | अनुशासन ५ % | सामाजिक कार्य ५ % | हाजिरी ५ % | कक्षा कार्य / गृहकार्य ५ % | अभिभावक सक्रियता ५ % | अतिरिक्त क्रियाकलाप ५% | सिर्जनात्मक कार्य ५% | व्यवहार परिवर्तन ५% | १०० | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

विषयगत सैद्धान्ति प्राप्ताङ्क निकाल्दा मूल्याङ्कन खण्डको जम्मा प्राप्ताङ्कलाई उक्त विषयको पूर्णाङ्कले भाग गरी १०० ले गुणन गर्दा आउने अङ्क नै सैद्धान्तिक प्राप्ताङ्क हुनेछ। यसका लागि निम्न सुत्रको प्रयोग गर्न सकिनेछ :

$$\text{विषयगत सैद्धान्तिक प्राप्ताङ्क} = \frac{\text{मूल्याङ्कन खण्डको जम्मा प्राप्ताङ्क} \times \text{सैद्धान्तिकतर्फको पूर्णाङ्क}}{१००}$$

जस्तै कुनै विद्यार्थीले मूल्याङ्क खण्डको सबै पक्षहरूको जोड जम्मा ८० भयो उक्त विषयको सैद्धान्तिक पूर्णाङ्क ७५ छ भने उसको सैद्धान्तिक प्राप्ताङ्क ६० हुने भयो।

**विषय शिक्षक**
नाम :
दस्तखत :
मिति :

**कक्षा शिक्षक**
नाम :
दस्तखत :
मिति :

विद्यालयको छाप

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

**अनुसूची - १०**

**समष्टिगत फाराम / मार्क लेजर**

**कक्षा : ९**

**School's Name :**

**EMIS Code :**

| Roll no. | Student's Name | Parents' Name | Date of Birth | Gender | English | | | Nepali | | | Math | Science | | | Social | | | Helth Pop | | | Opt I | | | Opt II | | | Total | | GPA | Grade |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | Th | PR | Total | TH | PR | Total | | TH | PR | Total | TH | PR | Total | TH | PR | Toal | TH | PR | Total | TH | PR | Total | TH | Total | | |
| | | | | | 75 | 25 | 100 | 75 | 25 | 100 | 100 | 75 | 25 | 100 | 75 | 25 | 100 | 50 | 50 | 100 | 25 | 25 | 50 | 30 | 20 | 50 | 50 | 100 | **800** | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

<u>विद्यालय स्तरीय परीक्षा समितिको नाम र दस्तखत</u>

१.
२.
३.
४.
५

विद्यालयको छाप

आज्ञाले,

अमृत खडका

नि. प्रमुख प्रशासकीय अधिकृत